# समानुपातिक निर्वाचन प्रणाली: लोकतन्त्रको आधार

**- युवराज संग्रौला**

कार्त्तिक ३० गते सम्झौता हुने गरी सरकारमा रहेका सात दल र माओवादीका बीचमा विभिन्न विषयमा सहमति भएका छन् । ती सहमतिका बुँदाहरुमा एउटा बुँदा 'मिश्रित निर्वाचन' प्रणाली पनि रहेको छ । खबरहरु आएका छन् 'समानुपातिक निर्वाचन' का विषयमा राजनीतिक दलहरुका बीचमा सहमति हुन सकेन । यदि त्यसै भएको हो भने यो एउटा अचम्म लाग्दो विडम्बना हो ।

नेपालले भविष्यका लागि रोजेको लोकतान्त्रिक व्यवस्था 'समावेशी लोकतान्त्रिक व्यवस्था' हो र अहिलेको सरकारलाई जनताको निर्देशन पनि त्यही नै हो । समावेशी लोकतन्त्र निर्माण गर्ने सबैभन्दा आधारभूत तत्व नै राज्यको व्यवस्थापिकामा सबै किसिमका राजनीतिक विचारहरुको प्रतिनिधित्व सुनिश्चित गर्नु हो । र व्यवस्थापिकामा सबै विचारहरुको प्रतिनिधित्व गराउने निर्वाचन प्रणाली भनेको समानुपातिक निर्वाचन प्रणाली नै हो । यो एउटा स्थापित सत्य हो तर नेकपा एमाले बाहेक अन्य राजनीतिक दलहरुले यस सत्यलाई प्रतिवद्ध भएर राख्न किन चाहेनन् ?

भनिन्छ 'संविधानसभा' को निर्वाचन र गठनले भविष्यको व्यवस्थापिकाको प्रतिविम्ब दिन्छ । संविधानसभाको गठनका लागि प्रयोग गरिने निर्वाचन प्रणाली नै समावेशी उन्मुख हुन सकेन भने भविष्यमा स्थापित गरिने लोकतन्त्र कसरी समावेशी हुन सक्तछ ? समानुपातिक निर्वाचन प्रणालीलाई बहिष्कार गर्दा भविष्यमा नेपालले प्राप्त गर्ने संविधानको हैसियत २०४७ को संविधानको हैसियतभन्दा फरक नहुने खतरा बढेको छ ।

संविधानसभाको वैधानिकता, विश्वशनियता र क्रियाशिलता त्यसले प्राप्त गर्ने वैचारिक बहुलतामा आधारित रहन्छ र त्यसै वैचारिक बहुलताले नै भविष्यमा बन्ने संविधानमाथिको अपनत्व र स्नेहको निर्माण गर्दछ । संविधानसभामा प्रतिनिधित्वको बहुलता स्थापित गर्नु भनेको हरेक नागरिकले प्रदान गरेको 'मतको सम्मान' हुने व्यवस्था गर्नु हो । हाल नेपालले संसदको निर्वाचनका लागि प्रयोग गर्दै आएको 'बहुमत प्राप्त उमेद्वार विजय' हुने प्रणालीमा 'अल्पमत नागरिकका मत सदर वा काम लाग्ने र बहुमत जनताका मतहरु मुल्यहिन हुन पुग्दछन् ।' उदाहरणका लागि जित्ने उमेद्वारले प्राप्त कुल मतभन्दा सबै हार्ने उमेद्वारले प्राप्त गरेका मतहरुको संख्या बढी हुन्छ । अत: थोरै जनताले रोजेको व्यक्ति धेरै भिन्न भिन्न व्यक्तिहरुले रोजेका व्यक्तिहरुले पाएको मतभन्दा कम मत प्राप्त गरी जनताको प्रतिनिधि निर्वाचित हुन पुग्दछ । संसदको निर्वाचनमा यो प्रणालीलाई अवलम्बन गर्न सकिएला, तर बहुमत जनताको मतलाई बहिष्कार गर्ने, अबमूल्यन गर्ने र अस्विकार गर्ने निर्वाचन प्रणालीलाई अबलम्बन गरी संविधानसभाको प्रतिनिधित्वलाई संकुचन गरियो भने, त्यस्तो संविधानसभाले निर्माण गर्ने संविधान सर्वसम्मत हुन सक्ने छैन । यस वास्तविकतालाई अस्विकार गर्नुपर्ने कारण यसप्रति असहमत हुने राजनीतिक दलहरुलाई किन परेको हो ?

विगतमा नेपालले ध्वंसात्मक द्वन्द्वको समस्या भोगेको छ र त्यसले नेपालको छाति चिरेको छ । त्यो द्वन्द्वको एउटा कारण हो 'आम जनताको राजनीतिक प्रणालीमा समावेशी हुन नसक्नु' । विगतमा नेपालको राजनीतिले देशको अस्तित्वको आधारभूत मूल्य जनसंख्याको जातीय, भाषिक एवं सांस्कृतिक विविधता हो भन्ने कुरालाई बुझ्न सकेन ।

परिणामस्वरुप राजनीति सभ्रान्त वर्गको व्यवसायको रुपमा संकुचन हुन पुग्यो । त्यसैले माओवादी द्वन्द्वलाई निम्त्याएको हो । संविधानसभा यसै द्वन्द्वलाई रुपान्तरण गर्दै, समावेशी लोकतन्त्रको निर्माण गर्ने प्रयोजनका लागि ल्याइएको राजनीतिक उपाय हो । अतः संविधानसभाले विविधताको प्रतिनिधित्व गर्नु अपरिहार्य छ, यदि त्यसो हुन सकेन भने नेपालको लोकतन्त्रले फेरी दुईवटा मध्ये एउटा दूर्भाग्य भोग्नुपर्नेछ । ती दूर्भाग्यमध्ये एउटा दुर्भाग्य हुनेछ समावेश हुन नसकेका समूहको विद्रोह र अर्को निरंकुशताको पुनरावृत्ति । राज्यको राजनीतिक प्रक्रिया एवं सरकारमा विविधताको समावेश गर्ने निर्वाचन प्रणाली भनेकै समानुपातिक निर्वाचन प्रणाली हो । अतः सात दल र माओवादीबीचको सहमतिले यस वास्तविकतालाई महसुस गर्न सकेको छैन र विगतका संसदीय निर्वाचनले समावेशी लोकतन्त्रको संस्थापनप्रतिको असफलताबाट पाठ सिक्न पनि सकेको छैन ।

लोकतन्त्रको राजनीतिक वैधानिकता जनताको व्यापक सहभागितामा निर्भर रहेको हुन्छ । समानुपातिक निर्वाचन प्रणालीले साना र ठूला सबै राजनीतिक संगठनहरुको प्रतिनिधित्वलाई सुनिश्चित गर्दछ । साना साना राजनीतिक संगठनहरुको समेत प्रतिनिधित्व सुनिश्चित हुने भएका कारणले नै सबै राजनैतिक संगठनमा समाहित हरेक व्यक्ति निर्वाचनमा सक्रियतापूर्वक सरिक हुन्छ । अन्यथा दुइवटा अवस्थाहरु देखा पर्ने हुन्छ । पहिलो स-साना राजनीतिक संगठनहरुमा समाहित नागरिकहरु आफ्ना मतको मूल्य नहुने कारणले निर्वाचनमा सरिक नै हुँदैनन् वा उनीहरुका मतलाई विभिन्न कारणले अरु राजनीतिक संगठनका उमेद्वारहरुलाई बेच्दछन् । यसले राजनीतिक विचारधाराको अवमूल्यन हुन जान्छ । खास गरी संविधानसभाको निर्वाचनमा हरेक व्यक्तिको सहभागिता महत्वपूर्ण मात्रै होइन, अपरिहार्य नै हुन्छ । अत्याधिक जनताको निर्वाचनमा सहभागिता हुन सकेन भने त्यसले अप्रत्यक्ष रुपमा प्रतिगमनलाई आधार प्रदान गर्नेछ । यदि निर्वाचनमा ठूलो संख्यामा मतदाताले मताधिकारको प्रयोग गरेनन् भने त्यसले संविधानसभाको वैधानिकतालाई नकारात्मक रुपमा प्रभावित गर्नेछ । समानुपातिक निर्वाचन प्रणाली मात्र त्यस अर्थमा निर्वाचनमा जनताको अत्याधिक सहभागिता सुनिश्चित गर्ने निर्वाचन प्रणाली हुन सक्तछ ।

२०५ वटा निर्वाचन क्षेत्रमा 'बहुमत प्राप्त व्यक्ति विजय हुने' निर्वाचन प्रणालीलाई अपनाई संविधानसभाको निर्वाचन सम्पन्न गरियो भने दुइ तिहाई जनताका मतहरुको कुनै मूल्य हुने छैन, किनभने जित्ने भन्दा कम भोट ल्याउने दलहरुको प्रतिनिधित्व त्यस क्षेत्रबाट हुन सक्ने छैन । यदि त्यसरी दुइ तिहाई जनता प्रतिनिधित्वबिहीन भए भने संविधानसभाले बनाउने संविधानप्रति उनीहरुलाई चासो पनि हुने छैन र विश्वास पनि हुने छैन । अतः विभिन्न क्षेत्रमा अत्याधिक जनता संविधान निर्माणको प्रक्रियाबाट बहिष्कृत हुनेछन् । अर्कातिर 'बहुमत प्राप्त व्यक्ति मात्र प्रतिनिधि निर्वाचित' हुने भएबाट, निर्वाचन संविधानसभामा विचारको प्रतिनिधित्व गराउने उद्देश्यले होइन हारजित गर्ने उद्देश्यद्वारा प्रेरित हुनेछ । यस्तो निर्वाचनमा धाँधली एउटा ठूलो समस्याका रुपमा देखा पर्नेछ भने प्रतिगमनका तत्वहरु पनि सक्रिय रहने छन् । संसदका निर्वाचनहरुमा जस्तै भोजभतेर र पैसाको खेल अत्यन्त ठूलो हुनेछ । अर्कातिर निर्वाचनमा माओवादीको पराजय भए पुनः विद्रोहको पुनरावृत्ति हुनेछ भन्ने जनमनोविज्ञान पनि उत्तिकै प्रभावशालि रहनेछ । अतः जनताले विवेकले, स्वार्थ वा वाध्यताले मतदान गर्नुपर्ने खतरा गम्भीर रुपमा देखा पर्नेछ । अन्ततोगत्वा जनताको बलिदान राजनीतिक दलका कमजोरीले समाप्त हुनेछ । यसको एक मात्र विकल्प समानुपातिक निर्वाचन प्रणाली हो ।

संविधान राजनीतिक सहमतिको दस्तावेज भएबाट यसको निर्माणमा संलग्न रहने संविधानसभामा सबै मत र विचारधाराहरु र सबै जात, धर्म, भाषा र क्षेत्रको समान प्रतिनिधित्व हुनुपर्ने हुन्छ । तर 'बहुमत प्राप्त व्यक्ति विजय' हुने प्रणालीले सबै समावेश हो, धेरैको बर्खास्तिलाई परिणामका रुपमा स्थापित गर्दछ । यस्तो अवस्थामा कांग्रेस, एमाले, माओवादी जोसुकैले बहुमत प्राप्त गरे पनि संविधान निर्माण गर्दा जसको बहुमत छ उसैको प्रभुत्व रहनेछ । स्पष्ट छ त्यस्तो संविधानलाई धेरैले इन्कार गर्नेछन् । नेपालले द्वन्द्वको रुपान्तरण गर्न सक्ने छैन र देश अझ डरलाग्दो अराजकताको खाडलमा खस्नेछ । संविधानसभामा कुनै एक दलको स्पष्ट बहुमतलाई निशेध गर्न सकिएन भने नेपाली कांग्रेसले चाहेजस्तै 'सिरोमोनियल राजतन्त्र वा माओवादीले चाहेजस्तै कम्युनिष्ट पार्टीको नेतृत्वमा संचालित बहुदलीयता' लाई नेपाली समाजले स्वीकार गर्नुबाहेक अर्को विकल्प हुने छैन ।

यदि नेपाली कांग्रेसको हटबाट नै समानुपातिक निर्वाचन प्रणालीलाई अस्वीकार गरिएको हो भने, यो हट नेपालको इतिहासमा एउटा गम्भीर राजनीतिक दूर्भाग्य हुनेछ । आश्चर्य त प्रगतिशिल लोकतन्त्रको पक्षमा उभिएको नेकपा माओवादीले पनि समानुपातिक निर्वाचन प्रणालीको पक्षमा वार्तामा अडान लिएको पाइएन । सम्पूर्ण जनताको प्रतिनिधित्वलाई सुनिश्चित गर्नुपर्ने उसको राजनीतिक कार्यक्रमलाई समानुपातिक निर्वाचन प्रणालीको अभावले प्रभावहिन बनाउने अभिनिश्चित छ । यदि द्वन्द्वको रुपान्तरण समावेशी लोकतन्त्र नेपालीको चाहना र भविष्य हो भने त्यो समानुपातिक निर्वाचन प्रणाली विना संभव छैन । अतः ऐतिहासिक सहमति ऐतिहासिक नभई क्षणिक हुन सक्ने खतरा टड्कारो छ ।